महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

रतुवामाई नगरपालिका

मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

रतुवामाई नगरपालिका

मोरङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

रतुवामाई नगरपालिका

मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १००

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

कैफियतसहितको राय

हामीले रतुवामाई नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड ८३ लाख ९१ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.५ करोड ५३ लाख ६० हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १९ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.७ लाख ५७ हजार र पेश्की रू.३ लाख ५० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१८ करोड ४३ लाख ८४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१७ करोड ४ लाख २९ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत

आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

रतुवामाई नगरपालिका, मोरङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४०	२९	७८३९१	०	९	५५३६०	४०	२०	२३०३१	२१	७५७	२१९०३	०	०	२२६६०	३५०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

क.सं	*प्रारम्भिक प्रतिवेदनको दफा नं.*	*छोटकरी व्यहोरा*	*रकम रु.*
१.	*२७*	*५ मध्ये १ को कर समायोजन पेश*	*५७७२४६*
२.	*३१*	*करार तथा ज्यालादारी कर्मचारी खर्च नगरसभाबाट नियमित*	*२३४४६२९३*
३.	*३६*	*करार कर्मचारी महंगी भत्ता भुक्तानी गरेको रकम नगरसभाबाट नियमित*	*४८२०००*
४.	*३८*	*निजी शिक्षक अनुदान खर्च नगरसभाबाट नियमित*	*९६६६७६१*
५.	*५२*	*सोझै खरिद नगरसभाबाट नियमित*	*१७७२०००*
६.	*५५*	*उपभोक्ता समिति मार्फत कार्य नगरसभाबाट नियमित*	*९७८५८३०*
७.	*५६*	*सिमाभन्दा बढी उपभोक्ता समितिमार्फत गरेको कार्य नगरसभाबाट नियमित*	*७३३८९६४*
८.	*६१*	*मोटरसाइकल खरिद नगरसभाबाट नियमित*	*१७९४५००*
९.	*६२*	*कार्यक्षेत्रगत शर्त तयार नगरी सम्झौता गरी भुक्तानी गरेको रकम नगरसभाबाट नियमित*	*४९७२००*
		जम्मा	*५५३६०७९४*

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मोरङ	१८४३८४	०	३६९८६	१४७३९८	०	२३०३१	१७०४२९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: रतुवामाई नगरपालिका, मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हरिहर घिमिरे	२०७९-८-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	निता सिग्देल	२०७६-१-४	हाल सम्म कार्यरत
		बेरुजु रकम	२३,०३०,५१५.११

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६,६६,२९,३९४.१३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४७,५३,३६,८५५.०६	**चालु खर्च**	४४,५३,४८,८४२.३९
प्रदेश सरकारबाट अनुदान	२,६१,९७,७५४	**पूँजीगत खर्च**	३३,४०,३३,०८२.७९
राजश्व बाँडफाँट	१२,३८,९४,२६३.३७	**वित्तीय/अन्य व्यवस्था**	२४,५६,९७,४९६.११
आन्तरिक आय	१,८४,५९,२०८.९३		
अन्य आय	२८,११,८७,६४८.५८		
कुल आय	९२,५०,७५,७२९.९४	**कुल खर्च**	१,०२,५०,७९,४२१.२९
बाँकी मौज्दात		६,६६,२५,७०२.७८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचयः** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा, १४२.१५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५३८० जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणः** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:	
३			**लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा कट्टा गर्न बाँकी कर, निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको रकम र बढी भुक्तानी दिएको बैठक भत्ताको रु.१११७७०/- असुली भई संघीय संचितकोषमा र रु.११९००/- स्थानिय सञ्चित कोष दाखिला भएको छ ।	
४			**वित्तिय विवरणः** नगरपालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक लेखामान (NPSAS) बमोजिमका फारमहरु सहितको प्रासि र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७२) उपलब्ध गराउन माँग गरिएकोमा सो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छः

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९७,०९,६१,१८९.०५	६९,५४,९१,३३९.८४		६९,५४,९१,३३९.८४	६३,५३,६८,०२८.५७		६३,५३,६८,०२८.५७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		९४,३६,६८,०२५.००	६८,४२,४१,७००.९६	०	६८,४२,४१,७००.९६	६०,६०,५५,६६८.६२	०	६०,६०,५५,६६८.६२
११००० कर	११	१५,६४,३९,९१०.००	१५,१०,८४,०१२.०८	०	१५,१०,८४,०१२.०८	१३,८३,०६,८४२.७६	०	१३,८३,०६,८४२.७६
१३००० अनुदान		६८,६४,८३,२२३.००	५०,२९,०७,४४६.०६	०	५०,२९,०७,४४६.०६	४५,५५,५५,२२५.७६	०	४५,५५,५५,२२५.७६
संघीय सरकार	१२	६४,६०,१५,०००.००	४७,५३,३६,८५५.०६	०	४७,५३,३६,८५५.०६	४३,२७,९५,५८२.७६	०	४३,२७,९५,५८२.७६
प्रदेश सरकार	१२	३,४४,५५,०००.००	२,६१,९७,७५४.००	०	२,६१,९७,७५४.००	२,१०,६०,३०९.००	०	२,१०,६०,३०९.००
अन्तरिक श्रोत		६०,१३,२२३.००	१३,७२,८३७.००	०	१३,७२,८३७.००	०	०	०
जनसहभागिता		०	०	०	०	१६,९९,३३४.००	०	१६,९९,३३४.००
१४००० अन्य राजस्व		१०,०३,४४,८९२.००	३,०१,६८,९६७.८२	०	३,०१,६८,९६७.८२	१,२०,५८,२९४.८१	०	१,२०,५८,२९४.८१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			१५००० विविध प्राप्ति		४,००,०००.००	८१,२७५.००	०	८१,२७५.००	१,३५,३०५.२९	०	१,३५,३०५.२९	
			ख. अन्य प्राप्ति		२,७२,९३,१६४.०५	१,१२,४९,६३८.८८		१,१२,४९,६३८.८८	२,९३,१२,३५९.९५		२,९३,१२,३५९.९५	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		२,७२,९३,१६४.०५	०	०	०	२,२२,५५,७९३.९५	०	२,२२,५५,७९३.९५	
			धरौटी		०	१,१२,४९,६३८.८८	०	१,१२,४९,६३८.८८	७०,५६,५६६.००	०	७०,५६,५६६.००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			भुक्तानी (ग+घ)		१,०३,४८,५८,६५०.०६	८०,०७,१३,३८०.२९		८०,०७,१३,३८०.२९	६२,२७,००,६०६.३६		६२,२७,००,६०६.३६	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		१,००,७५,६५,४८६.०१	७७,९३,८१,९२५.१८		७७,९३,८१,९२५.१८	५९,३१,९२,४२६.०३		५९,३१,९२,४२६.०३	
			२१००० पारिश्रमिक / सुविधा	१८	२६,५७,८४,९६२.००	२३,८०,८२,१४२.४५	०	२३,८०,८२,१४२.४५	१८,६०,६१,६५८.०६	०	१८,६०,६१,६५८.०६	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१४,७२,९८,६८७.०१	१३,५१,२२,१६०.०२	०	१३,५१,२२,१६०.०२	१२,७१,४२,४७९.६०	०	१२,७१,४२,४७९.६०	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२५००० सहायता (Subsidy)	१८	५,८०,९५,००४.००	४,४४,९६,७०२.०७	०	४,४४,९६,७०२.०७	३,८०,००,९४३.००	०	३,८०,००,९४३.००
२६००० अनुदान	१८	२०,७९,१८४.००	२०,७९,१८४.००	०	२०,७९,१८४.००	१४,२४,५५०.००	०	१४,२४,५५०.००
२७००० सामाजिक सुरक्षा	१८	३,०९,५७,८४२.००	२,१८,३२,३०४.००	०	२,१८,३२,३०४.००	१,५१,९३,१९९.००	०	१,५१,९३,१९९.००
२८००० अन्य खर्च	१८	४०,०७,८००.००	३७,३६,३४९.८५	०	३७,३६,३४९.८५	२९,६०,७६४.००	०	२९,६०,७६४.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४९,९३,४२,००७.००	३३,४०,३३,०८२.७९	०	३३,४०,३३,०८२.७९	२२,२४,०८,८३२.३७	०	२२,२४,०८,८३२.३७
घ. अन्य भूक्तानी		२,७२,९३,१६४.०५	२,१३,३१,४५५.११		२,१३,३१,४५५.११	६२,२७,००,६०६.३६		६२,२७,००,६०६.३६
कोषहरु		२,७२,९३,१६४.०५	१,५३,५२,३०२.००	०	१,५३,५२,३०२.००	२,१८,०५,२२५.००	०	२,१८,०५,२२५.००
धरौटी		०	६०,५८,५८५.११	०	६०,५८,५८५.११	७७,०२,९५५.३३	०	७७,०२,९५५.३३
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-७९,४३२.००		-७९,४३२.००			

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(६,३८,९७,४६१.०१)</td><td>(१०,५२,२२,०४०.४५)</td><td></td><td>(१०,५२,२२,०४०.४५)</td><td>१,२६,६७,४२२.२१</td><td></td><td>१,२६,६७,४२२.२१</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>१७,७४,५५,७८३.२३</td><td></td><td>१७,७४,५५,७८३.२३</td><td>१५,१९,१९,८७५.११</td><td></td><td>१५,१९,१९,८७५.११</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(६,३८,९७,४६१.०१)</td><td>७,२२,३३,७४२.७८</td><td></td><td>७,२२,३३,७४२.७८</td><td>१६,४५,८७,२९७.३२</td><td></td><td>१६,४५,८७,२९७.३२</td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>६,६७,०५,१३४.७८</td><td></td><td>६,६७,०५,१३४.७८</td><td>१६,४५,५२,१८९.३२</td><td></td><td>१६,४५,५२,१८९.३२</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता:
पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१८९४७८३८/- स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.५००००००/- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४६४०००/- समेत गरी रु.२२४४११८३८/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको</td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।	
६			**बैंक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंक खातामा स्रेस्ता भन्दा रु. ४२३८९४/२१ बढी देखिएको छ । बैंक हिसाब मिलान गर्नुपर्ने देखिन्छ।	

बैंकको नाम	खाता नं	खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
मेगा बैंक नेपाल लि.	८००१०८४१२६३	ग १.१, आन्तरिक राजस्व खाता	०	०
मेगा बैंक नेपाल लि.	८००१०८४४०९४	ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
मेगा बैंक नेपाल लि.	८००१०८४४१२६	ग १.३, आन्तरिक अनुदान खाता	०	०
मेगा बैंक नेपाल लि.	८००१००८९७९५	ग २.१, चालू खर्च खाता- विजोर वर्ष	०	०
मेगा बैंक नेपाल लि.	८००१००८९८०९	ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष	०	०
मेगा बैंक नेपाल लि.	८००१००८९७५१	ग ३.१, स्थानीय तह धरौटी खाता	१,९०,३६,७५६.९९	१,९०,३६,७५६.९९
मेगा बैंक नेपाल लि.	८००१००८९७२९	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	३,५४,०१,१५३.७९	३५४०११५४
मेगा बैंक नेपाल लि.	८००१००८९८२६	ग ५.१, स्थानीय तह विविध कोष खाता	८७,८२,६२२.००	९२८५९४८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मेगा बैंक नेपाल लि.</td><td>८००१०८४१२५२</td><td>ग ६.१, स्थानीय तह विभाज्य कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>मेगा बैंक नेपाल लि.</td><td>८००१००८९७४७</td><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>३४,०५,१७०.००</td><td>३४,०५,१७०.००</td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td></td><td></td><td>७९,४३२.००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६,६७,०५,१३४.७८</td><td>६७१२९०२८.९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश,पारित र अख्तियारी:
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री दमयन्ता देवी चुडालले २०७८।०३।१० मा रु.१अर्ब २ करोड २ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०५।०७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०५।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट तथा कार्यक्रमको प्राथमिकीकरण:
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था</td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २२५ योजनामा वजेट विनियोजन गरेको छ। क. सं. / योजना सङ्ख्या / रु.२० लाखमाथिका योजना सङ्ख्या / रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या / रु.५लाखभन्दा कमका योजना सङ्ख्या १ / २२५ / १३ / ५९ / १५३ उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।	
९			**स्थानीय योजना तथा कार्यक्रमः** नगरको सामाजिक, आर्थिक, सांस्कृतिक, मानवीय लगायत समग्र विकासका लागि उपलब्ध सीमित स्रोत साधनको उचित बाँडफाँड गरी अपेक्षित रूपमा प्रतिफल प्राप्त गर्न नगरपालिकाले वार्षिक विकास योजना तर्जुमा गर्नु पर्दछ । यस्तो योजनामा नगरको समग्र विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, प्राथमिकता, कार्यक्रम र अपेक्षित प्रतिफल स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ । जसले उत्पादनका साधनहरूलाई कम प्राथमिकता प्राप्त क्षेत्रबाट बढी प्राथमिकता प्राप्त क्षेत्रमा र कम उत्पादनशील क्षेत्रबाट बढी उत्पादनशील क्षेत्रमा प्रवाह गरी अधिकतम प्रतिफल प्राप्त गर्ने गरी विकास गतिविधिहरूलाई नियोजित तवरले दिशानिर्देश गर्दछ । नगरपालिकाले वार्षिक रूपमा प्राप्त गर्ने भनी अनुमान गरेको सम्भावित स्रोतलाई क्रियाकलापगत रूपमा बाँडफाँड गरी नगर सभाबाट स्वीकृत गराउने गरेको भएतापनि त्यसको कार्यान्वयनका लागि विकास योजनाको रूपमा रूपान्तरण गर्ने गरेको छैन । वार्षिक बजेट तथा कार्यक्रमलाई वार्षिक नगरविकास योजनाको दस्तावेजको रूपमा तयार गर्ने र सोही अनुरूप कार्यान्वयन एवं समीक्षा गर्ने गर्नु पर्दछ ।	
१०			**दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरणः** दिगो विकास अवधारणा अन्तर्गत तय भएका लक्ष्यहरू (१७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २४४ सूचकहरू) प्राप्तिका लागि नेपालका तीनै तहका सरकार समान रूपले जिम्मेवार छन् । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरुलाई दिगो	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्ने हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा नहुन सक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्यांकन गर्ने गर्नु पर्दछ ।	
११			**चौमासिक खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयार गरि सम्बन्धित निकायमा पेश गरेको देखिएन । कार्यालयको पूंजीगत खर्च विश्लेषण गर्दा प्रथम चौमासिकमा १४.९३ प्रतिशत, दोस्रो चौमासिकमा २८.९४ प्रतिशत, तेस्रो चौमासिकमा ५६.१३ प्रतिशत र असार महिनामा २८.११ प्रतिशत खर्च भएको देखिन्छ । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै चौमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।	

शीर्षक	कुल खर्च(रु.हजार)	प्रथम चौमासिक खर्च (रु.हजार)	दोस्रो चौमासिक खर्च (रु.हजार)	तेस्रो चौमासिक खर्च (रु.हजार)	आषाढ महिनाको खर्च (रु.हजार)
नगरपालिका	२७४४२४	४९८८०	९०२००	१३४३४४	५७७५५
संघीय सरकार	४६७४५	०	५८०५	४०९४०	२९६५१
प्रदेश सरकार	१२८६४	०	६६०	१२२०४	६५०९

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>३३४०३३</td><td>४९८८०</td><td>९६६६५</td><td>१८७४८८</td><td>९३९१५</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१४.९३</td><td>२८.९४</td><td>५६.१३</td><td>२८.११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छनः
• कार्यालयको श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको, • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको,
• रसिद नियन्त्रण खाता नराखेको,
• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,
• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,
• पालिकाले आयोजना / कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको,
• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको,
• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,
• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको तथा अनुगमन नगरेको,
• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
•संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,</td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१३			**संगठन तथा व्यवस्थापन सर्वेक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने तथा दफा ८३(१०) मा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकताको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचनालाई आधार बनाई संगठन संरचना र दरबन्दि विवरण तयारगरी सभामा पेश गरेकोमा नगरसभाले साँगठनिक संरचना तथा १३९ जना कर्मचारीको दरबन्दी स्वीकृत गरेको देखियो । ऐनको व्यवस्था बमोजिम कार्यबोझ तथा राजश्व क्षमता र खर्चको आकार तथा स्रोत विश्लेषण नगरी संगठन संरचना तथा दरबन्दि स्वीकृत गर्दा प्रशासनिक र संचालन खर्चमा नियन्त्रण गर्न नसकिने तथा पालिकाको विकास निर्माण खर्चमा दबाब पर्न सक्ने देखिएकोले कार्यबोझ तथा खर्चको स्रोतको विश्लेषण गरी संगठन तथा दरबन्दी संख्या स्वीकृत गर्नुपर्दछ ।	
१४			**सरकारी सम्पत्ति व्यवस्थापन प्रणालीः** सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ(स्थानीय तह समन्वय शाखा) को पत्र सं. २०७७।०७८, चलानी नं. १५३ मिति २०७७।०८।०७ को पत्रानुसार आ.व.२०७७।७८ देखि संघ, प्रदेश एवं सबै स्थानीय तहमा अनिवार्य रुपमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लागु गर्नुपर्ने उल्लेख छ । पालिकाले सबै सम्पत्ति जिन्सी सामानको विवरण PAMS मा अद्यावधिक गरेको देखिएन । नियमानुसार PAMS अद्यावधिक गरिनुपर्दछ ।	
१५			**सम्पत्ति हस्तान्तरण र अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ । यस पालिकामा	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			समाहित भएका साविकका गाँउ विकास समिति, नगरपालिका तथा संघीय विषयगत कार्यालयको सम्पति तथा कोषहरु यस कार्यालयमा हस्तान्तरण गर्नलगाई सोको एकिकृत अद्यावधिक अभिलेख तयार गरेको देखिएन । अद्यावधिक अभिलेख नहुँदा यस कार्यालयमा समाहित भएका साविक कार्यालयको सम्पति हिनामिना तथा नासिने हुँदा साविक कार्यालयबाट हस्तान्तरण भएका तथा हुनुपर्ने सम्पति तथा कोष हरुको अद्यावधिक अभिलेख तयार गर्नुपर्दछ ।	
१६			**सार्वजनिक सम्पत्तिको अभिलेख र संरक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक पर्ति ऐलानी तथा सामुदायिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । साथै त्यस्तो सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धि नीति तथा मापदण्ड बनाएको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको उपयोग र संरक्षण सम्बन्धि मापदण्ड बनाई रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु तथा सो को अभिलेख राखी अतिक्रमण भए नभएको नियमित अनुगमन गर्नुपर्दछ ।	
१७			**जिन्सी सामानको लिलामी,मर्मतसंभार तथा संरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ र १०३ मा कार्यालय प्रमुखले नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी गराई म.ले.प.बाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने र जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्रि गर्नुपर्ने सम्पत्ति भएमा १ महिनाभित्र लिलाम विक्रिको प्रक्रिया सुरु गर्नुपर्ने, मर्मत सम्भार गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेतापनि जिन्सी निरिक्षण प्रतिवेदमा लिलाम मर्मत तथा संरक्षण गर्नुपर्ने भनि उल्लेख गरिएका अधिकांश जिन्सी समाग्रीको लिलाम, मर्मत सम्भार तथा संरक्षण गरेको देखिएन। नियमानुसार लिलाम, मर्मत सम्भार तथा संरक्षण गरि जिन्सी स्रेस्ता अद्यावधिक गरिनुपर्दछ ।	
१८			**कानून निर्माण एवं कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ३० कार्यविधि, ७ निर्देशिका, १ मापदण्ड र १ नीति लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ।	
१९			**स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८० को प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरेको छ । जसमा स्वमूल्याङ्कनमा १० वटा विषयक्षेत्रहरु र प्रत्येक विषयक्षेत्रहरुको ३ वटा मूल्यांकनका तहहरु रहेका छन् । कार्यालयको आर्थिक वर्ष २०७७।७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा सबैभन्दा बढि शासकीय प्रवन्ध विषयक्षेत्रमा १०० र सबैभन्दा कम सहकार्य र समन्वय विषयक्षेत्रमा ४१.६७ अंक प्राप्त गरी औसतमा ७९.५% अंक प्राप्त गरेको देखिन्छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा समावेश भएका ७०० स्थानीय तहको औसत अंक ५९.११% रहेको । पालिकाले बढि अंक प्राप्त गरेको विषयक्षेत्रहरुको अवस्था कायमै राखि कम अंक प्राप्त भएका विषयक्षेत्रहरुको अवस्थामा सुधार गर्नुपर्दछ ।	
२०			**नागरिक वडापत्र र गुनासो पेटिकाः** **नागरिक वडापत्रः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिमका कुराहरु उल्लेख गरि नागरिक बडापत्र राख्नुपर्ने उल्लेख छ । कार्यालयले नागरिक वडापत्र राखेको देखिएन । नागरिकलाई आफूले प्रवाह गर्ने सेवा र सेवा प्राप्ति प्रक्रियाको सम्बन्धमा जानकारी प्रदान गर्न र छिटो छरितो एवं गुणस्तरीय सेवा प्रदान गर्न ऐनले व्यवस्था गरे बमोजिम सबैले देख्ने ठाउँमा तोकिएबमोजिम नागरिक वडापत्र राख्नुपर्दछ । **गुनासो पेटिकाः** सोही ऐनको दफा ३१ बमोजिम प्रत्येक सरकारी कार्यालयमा सो सरकारी कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारीता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गनुासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नुपर्ने उल्लेख	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । कार्यालयले गुनासो पेटिका राखेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम गुनासो पेटिका राखि सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।	
२१			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो बर्ष थप भएको ३२ गरी कुल ३६ विवाद दर्ता भएकोमा ५ मुद्दा दरपिट भएको, २१ वटा मात्र फछ्र्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२२			**संस्थागत विद्यालय व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी पालिकाको काम,कर्तव्य र अधिकार अन्तर्गत संस्थागत विद्यालयको अनुमति,सञ्चालन,व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन,अनुगमन सम्बन्धमा मापदण्ड तथा शुल्क निर्धारण गरी अनुगमन गरेको देखिएन । नियमानुसार मापदण्ड बनाउनुपर्ने र शुल्क निर्धारण गरि त्यसको कार्यान्वयनको अनुगमन गरि प्रतिवेदन सार्वजनिक गरिनुपर्दछ ।	
२३			**सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** नेपालको संविधानको अनुसूचि-८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार अन्तर्गत पर्ने उल्लेख छ । यसै अनुरुप स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) मा स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षा सम्बन्धि नीति, योजना तथा मापदण्ड बनाई विद्यालय सञ्चालनमा सहजिकरण गर्ने तथा मापदण्ड बनाई विद्यालय सञ्चालनमा सहजिकरण गर्ने तथा मापदण्ड पालना भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाएको देखिएन । नियमानुसार मापदण्ड बनाई मापदण्ड बमोजिम अनुगमन,मूल्याङ्कन गरि,अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**खरिद कारवाहीको अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राखुपर्ने उल्लेख छ । कार्यालयले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । नियममा भएको व्यवस्था बमोजिमको कागजात संलग्न राखी अभिलेख नराख्दा सम्पूर्ण खरिद कारवाहीको विश्लेषण गर्न सकिएन । नियमावलीको व्यवस्था बमोजिमको कागजात संलग्न राखि अभिलेख राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
२५			**ठेक्का गोश्वारा लगतः** ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखुपर्नेमा कार्यालयले लगत राखेको देखिएन । ठेक्कागत अभिलेख खाता र ठेक्का सम्बन्धि गोश्वारा अभिलेख नहुँदा ठेक्का मार्फत भएका निर्माण कार्यको लागत अनुमान देखि कार्य सम्पन्न सम्मका विविध विषयको व्यवस्थित तथा एकिकृत सुचना प्राप्त नहुने भएकोले ठेक्का व्यवस्थापन सम्बन्धि विश्लेषण गर्न सकिएन । ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन ठेक्का अभिलेख र ठेक्का सम्बन्धि गोश्वारा लगत तयार गरी राख्नुपर्दछ ।	
२६			**बेरुजु लगतः** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने व तिर्नु बुझाउनु पर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम म.ले.प. फारम नं.८०१- बेरुजु लगत, म.ले.प. फारम नं.८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन, म.ले.प. फारम नं.८०५- सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधि नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्थाको पालना गर्न गराउनु तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
२७			**धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य कार्यको खरिद कार्यको भुक्तानी गर्दा	७४९,५४१.११

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कट्टा गरेको रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्नेछ भन्ने उल्लेख छ । नगरपालिकाले देहायको धरौटी फिर्ता दिँदा कर विवरण पेश गरेको प्रमाण कागजात नलिई धरौटी फिर्ता गरेको देखियो । पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सम्बन्धित कर कार्यालयमा विवरण पेश गरी कर समायोजन भएको पत्र पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं. / मिति</th><th>धरौटी फिर्ता लिनेको नाम</th><th>स्थायी लेखा नं.</th><th>धरौटी फिर्ता रकम</th></tr>
<tr><td>७-०७८।७।१२</td><td>कुलदेवता कन्सट्रक्सन</td><td>३०२७२७५५३</td><td>१९५९१६/-</td></tr>
<tr><td>८-०७८।७।१२</td><td>वीर निर्माण सेवा</td><td>३००७५३३१६</td><td>७००४२/-</td></tr>
<tr><td>९-०७८।७।१४</td><td>अनुवार निर्माण सेवा</td><td>३०२८५२०५५</td><td>२४१७६९/११</td></tr>
<tr><td>११-०७८।७।१५</td><td>आर के एस कन्स्ट्रक्सन प्रा लि</td><td>३०१३८५०४२</td><td>२४१८१४/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७४९५४१/११</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु.५७७२४६।- सम्परीक्षण गरिएको।)</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>पेश्की:
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु.१८७१६३६०/- आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की मिति</th><th>प्रयोजन</th><th>पेश्की रकम</th><th>म्याद नाघेको पेश्की</th></tr>
<tr><td>भुमी.बिसिपिएल जे.भी</td><td>७/१७/२०७८</td><td>मोविलाइजेशन</td><td>९०,००,०००</td><td></td></tr>
<tr><td>भुमी.बिसिपिएल जे.भी</td><td>०९/२५/२०७८</td><td>मोविलाइजेशन</td><td>७५,००,०००</td><td></td></tr>
</table></td><td>३५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

आदर्श कन्स्ट्रक्सन	११/०५/२०७८	मोविलाइजेशन	३,४५,०००	
आदर्श कन्स्ट्रक्सन	११/२३/२०७८	मोविलाइजेशन	९०,०००	
आदर्श कन्स्ट्रक्सन	११/२३/२०७८	मोविलाइजेशन	२,३७,०६०	
आदर्श कन्स्ट्रक्सन	११/२३/२०७८	मोविलाइजेशन	६,००,०००	
अग्नि एण्ड सन्स निर्माण सेवा प्रा.लि.	०९/२९/२०७८	मोविलाइजेशन	५,०९,३००	
शशिराज खड्का	०३/२४/२०७९	कार्यक्रम	३५००००	३५००००
		जम्मा	१८,७१६,३६०.००	३५००००

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

आन्तरिक आयः

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा यस पालिकाको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान (रु.हजार)	असुली (रु.हजार)	प्रतिशत
११३१३ - एकीकृत सम्पती कर	७०००	८५७.६९	१२.२५
११३१४ - भुमिकर/मालपोत	५४००	४९३४.३७	९१.३८
११३२१ - घरवहाल कर	१०००	७८९.६	७८.९६
११३२२ - वहाल विटौरी कर	५००	०	०
११४५१ - सवारी साधन कर (साना सवारी)	१२००	०	०

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५००	०	०
११६९१ - अन्य कर	७००	९१.६३	१३.०९
१३४११ - अन्य संस्थागत आन्तरिक अनुदान	३०००	०	०
१४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी	५००	०	०
१४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	१००	०	०
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	२००	१२.७५	६.३८
१४२२१ - न्यायिक दस्तूर	३००	०	०
१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	६००	१६६	२७.६७
१४२२४ - परीक्षा शुल्क	६००	९५.२०	१५.८७
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	१३००	५२.९२	४.०७
१४२४२ - नक्सापास दस्तुर	१०००	४६५	४६.४८
१४२४३ - सिफारिश दस्तुर	२०००	४२५४.७४	२१२.७४
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	१२००	११९९.५	९९.९६
१४२४५ - नाता प्रमाणित दस्तुर	१०००	३२१.४१	३२.१४
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००	१५८२.३१	३१.६५
१४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२००	०	०

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४२६५ - अन्य क्षेत्रको आय</td><td>४०००</td><td>०</td><td>०</td></tr>
<tr><td>१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत</td><td>२०००</td><td>२५.०६</td><td>१.२५</td></tr>
<tr><td>१४३१३ - धरौटी सदरस्याहा</td><td>३००</td><td>०</td><td>०</td></tr>
<tr><td>१४५२९ - अन्य राजस्व</td><td>१००००</td><td>३३८६.२१</td><td>३३.८६</td></tr>
<tr><td>१५१११ - बेरूजू</td><td>४००</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>५००००</td><td>१८२३४.१७</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>विविध खर्च
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च तर्फ रु.७६१३३३९ /- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>करार तथा ज्यालादारीः
.... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.२,३४,४६,२९३ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>ईन्धन
सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन</td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।कार्यालयमा पदाधिकारी इन्धन तर्फ रु.११६११३४। र अन्य प्रयोजनका लागि रु.१९०००००। र ईन्धन कार्यालय प्रयोजन रु.२९२६५६१ गरी कुल रु.५९८७६९५। खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार नगरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्माण गर्ने तथा इन्धन प्रयोगमा नियन्त्रित गरी यसको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ ।	
३३			**मसलन्द तथा कार्यालय सामाग्री** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने । दफा ८(२) मा यस ऐन र र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुनमा वार्षिक रु.३५२९७५०। को कार्यालय सामान खरिद गरेको छ । सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवद्र्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिन्छ ।	
३४			**भुक्तानीमा करकट्टी** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.	१८,५१०

भौ नं. र मिति	करको प्रकार	भुक्तानी लिनेको नाम	भुक्तानी विवरण	भुक्तानि रकम	छुट कर रकम
४७१, ०७८।११।३०	वहाल	मे १ च ५८५९	सखुवासभा	२७०००	२७००
४७८, ०७८।१२।०१	पारिश्रमिक	स्वासथ्य कर्मचारी	प्रोत्साहन भत्ता	७१४००	१०७१०
६७५, ०७९।१।१३	भ्रमण	सामुदायिक विद्यालय भ्रमण	भ्रमण	५१०००	५१००
					१८५१०

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**तलबि प्रतिवेदन** सघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स.०७६।७७, च.नं. १८० र मिति ०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का. बाट तलब प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। तर पालिकामा तलव प्रतिवेदन पारित बेगर कार्यरत संघ, स्थानीय, स्वासथ्य आदि सम्पुर्ण स्थायी कर्मचारीको पारिश्रमिकमा कुल रु.२०,९९,१९,९११।खर्च लेखेको पाइयो। यसबाट कर्मचारीको वास्तविक पाउने तलव तथा ग्रेड रकम के कति हो यकिन र्गन सकिएन । अतः तलब प्रतिवेदन पारित गरि मात्र खर्च लेख्नुपर्दछ ।	
३६			**महङ्गी भत्ता** *........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.४,८२,०००।- सम्परीक्षण गरिएको ।)*	०
३७			**पत्रपत्रिका खर्च** विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ ।नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु.४४५४०००। विनियोजन गरिएकोमा रु.४३३६१७०। खर्च गरेको र उक्त मिडिया फर्महरुले कुनै प्रकारको छुटको व्यवस्था गरेको देखिएन । सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्म सँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। साथै शुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाई भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ ।	
३८			**शिक्षामा अङ्ग्रेजी माध्यम र शिक्षक**	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>……….. (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.९६,६६,७६१।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>वितरणमुखि खर्चः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड ,सिमा र कार्यविधी नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । पालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरी कार्यक्रम बनाउदा नेपाल सरकार, पालिका र वडाबाट प्रदान गरिने सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि बनाइ कार्यान्वयनमा ल्याउनु पर्दछ। ।आर्थिक रुपमा विपन्न वर्गका लागि नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम एवम औषधि उपचार कोषमार्फत रु.१०००००। सम्मको सुविधा दिँदै आएकोमा पालिकास्तरमा पालिकाको अस्पतालमा निःशुल्क उपचार सेवा र बिमा योजनामार्फत रु.१०००००। सम्मको औषधी उपचारमा छूट जस्ता कार्यक्रम हुदाहुदै पनि पालिकाले निम्नानुसार स्वास्थ्य विमा सहयोग, छात्रवृत्ति वितरण, आर्थिक सहायता वितरण लगायत कार्यक्रममा निम्नानुसार खर्च गरेको देखियो ।
<table>
<tr><th>क्र. स .</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्वास्थय विमा वितरण</td><td>४१६४३००/-</td></tr>
<tr><td>२</td><td>छात्रवृति</td><td>२५७२८००/-</td></tr>
<tr><td>३</td><td>अन्य सामाजिक सुरक्षा</td><td>६८१००३८/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३५४७१३८/-</td></tr>
</table>
पालिकाको आन्तरिक आय र चालु खर्चको विश्लेषण गर्दा यस वर्ष पालिकाले रु. १ करोड ३६लाख ४६ हजार आन्तरिक आय संकलन गरेकोमा तलब सुविधामा मात्र रु. २४ करोड ६७ लाख १३ हजार खर्च हुन गई तलब सुबिधाको ५.५१ प्रतिशत हिस्सा मात्र आन्तरिक आयले धानी बाँकी सबै राजस्व बाँडफाँड र वित्तिय समानिकरण अनुदान बापत संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकमबाट</td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यहोर्नु परेको स्थिति छ । पालिकाले सघिय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिक्तम उपयोग हुने गरि स्थानिय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जिवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पुर्वाधार विकासको योजनाहरुजस्ता विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यन्वयन गर्नुपर्नेमा वितरणमुखि योजना र कार्यक्रमहरुमा रु.२२१६८७८१।- खर्च गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखिनिय योगदान नपुर्‍याउनेमा यस्तो खर्चमा सुधार हुनुपर्दछ ।	
४०			**कार्यक्रमको प्रभावकारिता मूल्याङ्कनः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ सघिय, प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जिवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

गो.भौ. मिति	भुक्तानी विवरण	आपूर्तकको नाम	भुक्तानी रकम
२१५,०७८।८।२४	मकै बिउ वितरण	एस जी एग्रो ट्रेडर्स	१९५३८६
६१७,०७८।१२।२९	वर्षे घासको बिउ	प्रेम भेटेनरी	४६६३७५
२१४,०७८।८।२४	हिउदे घासको बिउ	जनता कृषि भण्डार	४६८७४०
४३८,०७८।११।२३	वर्षे धानको बिउ	शिवानि एग्रो	४९९१००
९५०,०७९।३।२४	तरकारी बिउ	जनता कृषि भण्डार	२९९५००
९२५,०७९।३।२३	फलफुल बिउ	माया कृषि तथा पशु फार्म	४६१४००
९०३,०७९।३।२१	हिउदे धानको बिउ	शिवानी एग्रोभेट	१८६१६००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४३४,०७८।११।२२</td><td>च्याउ बिउ</td><td>ग्रिष्मा च्याउ उद्योग</td><td>१८७६१२</td></tr>
<tr><td>७७५,०७९।१।२२</td><td>मौरी गोला तथा घार</td><td>हाम्रो एग्रो फार्म</td><td>४४७९००</td></tr>
<tr><td>९२२,०७९।३।२३</td><td>प्लाष्टिक टनेल र थोपा सिचाइ</td><td>प्रेम भेटनरी</td><td>४६७०२५</td></tr>
<tr><td></td><td></td><td></td><td>५३५४६३८</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कोभिड-१९ नगद हस्तान्तरण
कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार १०८६ जनालाई रु.१०,०००।- का दरले रु.१,०८,६०,०००।- बजेट व्यवस्था भएकोमा सोही कार्यविधिको अनुसूचीको व्यवस्था बमोजिम निवेदन पेश गरी वडाध्यक्षको सिफारिस,कार्यालयको मिति २०७८।०७।२५ को निर्णय बमोजिम दावी विरोधको लागि सार्वजनिक सूचना टाँस गर्न र सूची सार्वजनिक गर्ने निर्णय तथा कोभिड पोजेटिभको रिपोर्ट पेश भएको आधारमा वडा कार्यालयबाट सिफारिस भएका लाभग्राहीको बैंक खातामा रु.१००००।-का दरले १००३ जनालाई रु.१,००,३०,०००।- खर्च लेखी भुक्तानी गरेको देखियो ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बढी भुक्तानीः
अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको परिवारका लागि सीपमूलक तथा व्यवसाय(बाख्रापालन) सम्बन्धि तालिम मिति २०७९।०२।२७ देखि २९ सम्म ३ दिन पहिलो र दोस्रो सिफ्ट गरि एकै समयमा एउटा सिफ्टमा प्रत्येक दिन ३ वटा कक्षा सञ्चालन हुने गरि कार्यक्रम भएको देखिन्छ । ३ दिनमा ३ वटा कक्षा सञ्चालन गर्दा एक व्यक्तिले बढीमा ९ वटा कक्षा सञ्चालन गर्न सकिने भएकोमा प्रशिक्षक श्री शशिराज खड्काले पहिलो सिफ्टमा ६ वटा कक्षाको रु.७२००।- र दोस्रो सिफ्टमा ६ वटा कक्षाको रु.७२००।- गरि १२ वटा कक्षाको प्रशिक्षक भत्ता रु.१४४००।- भुक्तानी लिएको देखिएकोले ३ वटा कक्षा सञ्चालनको बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.</td><td>२,०४०</td></tr>
<tr><td>४३</td><td>16</td><td>२०७९-२-३०</td><td>गैह्र सरकारी संस्था मार्फत तालिमः</td><td>४२६,७५०</td></tr>
</table>

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसार तालिम विभिन्न फर्महरुमार्फत संचालन गरी भुक्तानी दिएकोमा कार्यक्षेत्रगत शर्त, तालिम सम्बन्धि माँग संकलन, सहभागि छनौट, सहभागिको व्यवस्थित अभिलेख समेत राखेको देखिएन । सेवा प्रदायको छनौट सम्बन्धि कार्य क्षेत्रगत शर्त तयार नगरी न्यून आर्थिक प्रस्ताव पेश गरेको आधारमा संस्था छनौट र सम्झौता गरी भुक्तानी दिएकोले नियमित नदेखिएको रु.
<table>
<tr><th>क.सं.</th><th>कार्यक्रम</th><th>तालिम प्रदायक संस्था</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>नारी पाथिभरा वचत तथा ऋण सहकारी संस्था सिलाई कटाई तालिम</td><td>नारी पाथिभरा वचत तथा ऋण सहकारी संस्था</td><td>१४२०००।-</td><td></td></tr>
<tr><td>२.</td><td>सिलाई कटाई तथा कृषि पशुपालन तालिम</td><td>प्रगति महिला समाज</td><td>४२६७५०।-</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५६८७५०।-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>औषधि खरिदः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो वर्ष रु.२७,११,६१५।- का औषधि खरिदगरी भुक्तानी खर्च गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

खरिद गरेका उक्त औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,
आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
</td><td></td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४५			**लैंगिक हिंसा निवारण कोषः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७६।७७,च.नं. ६६ मिति २०७६।१०।१२ को पत्रानुसार लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार,राहत तथा पुनर्स्थापना गर्नको लागि स्थानीयस्तरमा अनिवार्य रुपमा लैंगिक हिंसा निवारण कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकामा सो कोष स्थापना गरेको देखिएन । यस आ.व.मा प्रदेश सरकारबाट रु.५००००।- निकासा प्राप्त भएकोमा सो रकम पालिकाको विविध खर्च खातामा जम्मा गरेको देखियो । कोष स्थापना गरी कोष सञ्चालनको कार्यविधि बनाई कार्यविधि अनुसार रकम खर्च गर्नुपर्दछ ।	
४६			**तालिमः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ बमोजिम जनचेतना सम्बन्धि तालिम,अभिमुखिकरण सबलीकरण,मूल प्रवाहिकरण जस्ता कार्यहरु तोकिए बमोजिमको प्रक्रिया अपनाई गैरसरकारी संस्था मार्फत गर्न सकिने व्यवस्था छ । साथै नियम २९.१(क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष बेमौसमी तरकारी खेती सम्बन्धी तालिम कार्यक्रमका लागि गैह्र सरकारी संस्था प्रगति महिला समाजसँग रु.४९९१७७।५० मिति २०७९।०१।०४ मा सम्झौता गरि कार्य गरेकोमा मिति २०७९।०३।२५ मा रु.४२६७५०।- भुक्तानी गरि खर्च लेखेको छ । संस्थाले कार्यलयमा पेश गरेको प्रस्ताव अध्ययन गर्दा तोकिएको कार्य गर्ने जनशक्तिको विवरण पेश गरेको छैन । श्रेस्ता परीक्षण गर्दा कार्यालयको कृषि शाखाका कर्मचारी प्रशिक्षकको रुपमा कार्य गरेको देखियो । कार्यलयको कर्मचारीबाट नै सम्पादन गर्न सकिने यस्ता खालका कार्यहरु गैह्र सरकारी संस्था मार्फत गरेको देखाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td>२०७९-१०-८</td><td>सुरक्षित नागरिक आवास कार्यक्रमः
सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५(७ र ८) बमोजिम प्रथम किस्ता वापत प्राप्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत को रकम उपलब्ध गराउने व्यवस्था छ । सोही कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गारईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम असुल गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहायबमोजिमको वडा मा प्रथम किस्ता वापतको रकम भुक्तानी दिएकोमा कार्यविधि बमोजिम निर्माण सामाग्री खरिद तथा प्रयोग गरि निर्माण सम्पन्न गरेको तथा अन्तिम किस्ता भुक्तानी लिएको देखिएन । पहिलो किस्ता तोकिएको कार्यमा प्रयोग भएको पुष्टि हुनेगरि अनुसूची ३ बमोजिम विवरण भरि निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं</th><th>संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>७</td><td>१९</td><td>३०,०००।-</td><td>५,७०,०००।-</td></tr>
<tr><td>८</td><td>१४</td><td>३०,०००।-</td><td>४,२०,०००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९,९०,०००।-</td></tr>
</table></td><td>९९०,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>ज्येष्ठ नागरिक भत्ताः
सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ मा ज्येष्ठ नागरिकले ७० वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउने व्यवस्था गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागले VERSP-MIS प्रणाली लागु गरेको छ ।पालिकाकामा बढी लाभग्राही भएका वडा नं. ५ र ७ को नमुना छनोट गरी परीक्षण गर्दा VERSP-MIS प्रणालीबाट प्राप्त विवरणमा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने उमेर नपुग्दै देहायबमोजिमका लाभग्राहीहरुलाई ज्येष्ठ नागरिक भत्ता वितरण गरेको देखियो । निम्नानुसारका लाभग्राहि आ.व. २०७८/७९ को</td><td>२०,१००</td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अन्तिम त्रैमासिक सम्म ७० वर्ष उमेर पुरा नगरेको देखिएकोमा जेष्ठ नागरीक भत्ता वितरण गरेको देखिएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने र अन्य वडाहरुको हकमा पालिका आफैले परीक्षण गरि बढी भुक्तानी भएको रकम असुल गरि संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	

नाम	परिचयपत्र नं.	जन्म मिति	ना.प्र.नं.	प्राप्त गरेको भत्ताको किसिम	बढी भुक्तानी रकम	कैफियत
रोसनी देवी सुडी गुडी	२००४१२३०१५३८३	२०१४।०२।०५	३००९।१६९०	ज्येष्ठ नागरिक	१६०८०	
टिकामाया खड्का	२००८१२३०११६७९	२००९।०९।०६	२९३११५२	ज्येष्ठ नागरिक	४०२०	अन्य त्रैमासिकमा ज्येष्ठ नागरिक एकल महिलाको भत्ता,अन्तिम त्रैमासिकमा ज्येष्ठ नागरिक भत्ता भुक्तानी

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**सामाजिक सुरक्षा भत्ताः** नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्नको लागि नेपाल सरकारले ज्येष्ठ नागरिक, आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने र लोपोन्मुख जातिका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ। यस आर्थिक वर्षमा नगरपालिकामा रहेका १० वडाको सामाजिक सुरक्षा भत्ताको वितरण बैंक तथा वित्तिय संस्थाबाट गरेको देखियो । सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्: **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन । **पारदर्शिता र जवाफदेहिताः** कार्यविधिको परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ । **सार्वजनिक सुनुवाईः** स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाइ गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई गरेको पाइएन । **लगत कट्टा गर्नेः** कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			समेत जनाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा आ.व. २०७८।७९ मा लगत कट्टाको विवरण माग भएकोमा प्राप्त नभएको । लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन । **निस्कृय खाताः** कार्यविधिको दफा २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीका नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा वचत खाता खोल्नुपर्ने र यसरी खोलिएको खाता सम्बन्धित लाभग्राहीले आवश्यक कागजात पेश गरेपछि क्रियाशील हुने उल्लेख छ । साथै खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा सो विवरण माग गर्दा बैंकबाट पठाएको प्रमाणित विवरण प्राप्त नभएकोले पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्नाही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । **एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।	
५०			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने तथा सबैको लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उदेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रहेको छ । यस कार्यक्रमका लागि प्राप्त बजेट स्थानीय तहभित्रका सडक तथा नाला निर्माण तथा मर्मत सम्भार, पैनि मर्मत तथा सार्वजनिक स्थानको सरसफाई,बाँध तटबन्धको निर्माण तथा खेलमैदान मर्मत सम्भार लगायतका कार्यक्रम सञ्चालनमा खर्च गरेको छ । रोजगार कार्यक्रममा आबद्ध हुनका लागि ६०३ जना सूचिकृत भएकोमा १७४ जना रोजगारीमा संलग्न भएको देखियो । कुल १३ आयोजनाहरु संचालन भएकोमा सबै वडामा कार्यक्रम संचालन भएको देखिएन । संचालित कार्यक्रममा दैनिक रु.५७७/- को दरले ६०४० दिन रोजगारी प्रदान गरी रु.३४,८५,०८०/- खर्च गरेको देखियो । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । यस कार्यक्रम अन्तर्गत देखिएका अन्य व्यहोराहरु देहायबमोजिम रहेका छन्: • कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७७ को दफा ५(३) मा आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमशः तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्ने उल्लेख छ । पालिकाको वडामा सञ्चालन भएको आयोजनामा सम्बन्धित वडाको बेरोजगार व्यक्तिलाई रोजगार व्यवस्थापन सूचना प्रणालीको सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण सूची अनुसार रोजगारीमा खटाएको देखिएन । बेरोजगारको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ। • कार्यविधिको दफा ७ मा यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश भएको हुनुपर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गरेको देखिएन । कार्यविधि अनुसार यस कार्यक्रमबाट सञ्चालन गरिने आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गरिनुपर्दछ। • दफा २० मा स्थानीय तहले बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्ने उल्लेख भएकोमा लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा सार्वजनिक परीक्षण गराएको देखिएन । • प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकाको दफा १८(४) मा रोजगार सेवा केन्द्रले पहिचान गरी सूचीकृत गरेको बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनुपूर्व अनुसूची २ बमजिमको लाभग्राही परिचयपत्र वितरण गर्नुपर्नेमा सो गरेको देखिएन ।	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कामका लागि पारिश्रमिकमा प्राप्त बजेटको ३६.५४% मात्र खर्च भएको देखिन्छ भने सूचीकृत बेरोजगार मध्ये २८.८५% औसतमा ३४.५५ दिन रोजगारीमा संलग्न भएको देखिन्छ । कार्यविधिले तोकिदिएको क्षेत्रमा पालिकाले आफ्नो आवश्यकताको आधारमा आयोजना सञ्चालन गरी सूचीकृत बेरोजगारलाई रोजगारी प्रदान गर्दै संघीय सरकारबाट प्राप्त बजेटको अधिकतम सदुपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।	
५१			**क्षमता अभिवृद्धि तालिमः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने उल्लेख छ । कार्यालयले महिलाको नेतृत्व क्षमता अभिवृद्धि तालिम कार्यक्रम गर्न महिला क्षमता अभिवृद्धि कार्यक्रम संचालन समिति गठन गरी ३ दिने तालिम संचालन वापत रु.१०००००/- भुक्तानी दिएको देखियो । तालिम संचालन समिति गठन गरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.	१००,०००
५२			**सोझै खरिदः** ....*(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.१७,७२,०००।- सम्परीक्षण गरिएको ।)*	०
५३			**अग्रिम पेश्की जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौताको बीस प्रतिशतमा नबढ्ने गरी पेश दिन सक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (४) मा अग्रिम पेश्की जमानतको म्याद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना बढीको अवधि हुनुपर्ने उल्लेख छ । नगरपालिकाको प्रशासकिय भवन निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको सेन्चुरी कमर्सीयल बैंकबाट जारी भएको रु.१६५०००००/- रकम को पेश्की जमानतको म्याद १२ सेपटेम्बर २०२२ मा समाप्त भएको र हाल सम्म निर्माण व्यवसायीलाई भुक्तानी दिएको पेश्की रकम रु.१६५०००००/- फछ्र्यौट समेत भएको देखिएन। मिति २०७८।५।२८ मा	१६,५००,०००

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>३६ महिना भित्र निर्माण सम्पन्न गर्नेगरी रु.९४१६४१७४/- मा सम्झौता भएकोमा लेखापरीक्षण अवधि २०७९।८।२८ (४२ प्रतिशत समय वितिसक्दा) सम्म रु.९७४४५२०/- भुक्तानी भई १० प्रतिशत भौतिक प्रगति भएको देखियो । लेखापरीक्षणको क्रममा कार्यालय प्रमुख लगायत पदाधिकारी समेत स्थलगत निरीक्षण गर्दा लामो समयदेखि काम बन्द भई निर्माण भएका संरचनामा घाँस उम्रेको, खुला रुपमा छोडेका रडमा खिया लागेको देखियो । निर्माण कार्य समेत लामो समय देखि संचालनमा नरहेको अवस्थामा निर्माण व्यवसायिले राखेको पेश्की जमानतको म्याद समाप्त भएको देखिएकोले भुक्तानि दिएको पेश्की रकमको बैंक जमानत थप गरी निर्माण कार्य सुचारु गर्नुपर्दछ रु.</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदनः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ। कार्यालयले देहाय अनुसार सामग्री खरिदगरी रु.२५,२२,६४५/- भुक्तानी खर्च लेखेकोमा उक्त प्रयोग भएको देखिने प्राविधक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न छैन । खरिद गरेको सामान वितरण भरपाईको आधारमा खर्च जनाएकोले प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्ट्याई समेत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ रु.
<table>
<tr><th>गो. भौ. नं./ मिति</th><th>खरिद विवरण</th><th>परिमाण</th><th>भुक्तानी खर्च</th><th>कैफियत</th></tr>
<tr><td>१२७-०७८/११/०६</td><td>खानेपानी कल (हेड) र जडान सामग्री</td><td>४२५ सेट</td><td>२५२२६४५/-</td><td>खरिद मध्ये १०१ वटा वितरण गर्न समेत बाँकी रहेको ।</td></tr>
<tr><td></td><td></td><td></td><td>२५२२६४५/-</td><td></td></tr>
</table></td><td>२,५२२,६४५</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>उपभोक्ता समितिमार्फत कार्यः
...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.९७,८५,८३०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**एक करोडभन्दा बढीको कार्य उपभोक्ता मार्फतः** *...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.७३,३८,९६४।- सम्परीक्षण गरिएको ।)*	०
५७			**उपभोक्ता समितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई भुक्तानी दिएको छ । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।	
५८			**स्थायी लेखा नम्बरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनु पर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायले आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हुनुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष विभन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी दिएकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखानम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।	
५९			**परामर्श सेवा खरिदः**	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९.१ (क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसार डी.पी.आर.तयार वाह्य परामर्शदाताबाट गराएकोमा पालिकाको प्राविधिक जनशक्तिबाट उक्त कार्य गर्न नसकिने पुष्टि हुने आधार प्रमाण संलग्न राखेको देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र कार्यान्वयनमा गएको आयोजनाहरुको अभिलेख समेत राखेको देखिएन । कार्यालयको जनशक्तिबाट हुन नसक्ने कार्यकालागिमात्र परामर्श सेवा खरिद गर्ने साथै अध्ययन प्रतिवेदनको अभिलेख अद्यावधिक गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	

कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
वडा नं ६ कृषि बजारको डि.पि.आर.	भाइब्रेन्ट ग्रीड इन्जिनियरिङ्ग प्रा.ली.	१८९९८०९/-	८४८०२९६५/-
रतुवा नदी नियन्त्रण डि.पि.आर.	माल्बिका इन्जिनियरिङ्ग कन्सल्ट प्रा.ली.	४३९३२९/-	१९९५३१३७६/-
१० नं वडा कार्यालय डि.पि.आर.	क्यूव इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१४५९७३८/-	३६६७८००२/-
८ नं वडा कार्यालय डि.पि.आर.	दिविशा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.ली.	१४६१९९७/-	३९९९४९६२/-
वडा नं ५ हेल्थपोष्ट कार्यालय डि.पि.आर.	स्टाइल लिभिङ्ग इन्टेरियर डिजाइन	१४९४६०७/-	३७५६७३८९
वडा नं ३ हेल्थपोष्ट कार्यालय डि.पि.आर.	प्रोग्रेस आर्किटेक्ट्स एण्ड ईन्जिनियर्स सर्भिसेज प्रा.ली.	१४९३४७८/-	३५७६७८९३/-

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**ननफाइलरः** मूल्य अभिवृध्दि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारणगरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले ठेक्का नं. ४०-२०७७/०७८ नगरपालिकाको प्रशासकिय भवन निर्माण कार्यका निर्माण व्यवसायी भूमी - वि. सि. पि. एल. जे. भी. (६१६०३०७६७) लाई मिति २०७८।१०।२ मा मूल्य अभिवृध्दि कर रु.११२०३०३/- सहित प्रथम विल रु.९७४४५२०/-	१,१२०,३०३

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी दिएकोमा आन्तरीक राजस्व विभागको वेवसाइटमा खोजि गर्दा उक्त व्यवसायी २०७८ मंशिर महिनादेखि मूल्य अभिवृध्दि कर नन फाइलर रहेको देखियो । निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृध्दि करको मूल्य अभिवृध्दि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>मोटर साईकल खरिदः

...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.१७,९४,५००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>कृषि परियोजना अध्ययनः

...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु.४,९७,२००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>अन्य निकाय खर्चः
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममामात्र खर्च गर्न पाइने उल्लेख छ । कार्यालयले छुटै अस्तित्व र बजेट व्यवस्था भएको देहायका कार्यालयहरुको निम्न कार्यमा भुक्तानी गरेको छ । यसरी अन्य कार्यालयको प्रयोजनमा खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने हुँदा यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ रु.
<table>
<tr><td>सि. नं</td><td>कार्यालयको नाम</td><td>खर्च विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सशस्त्र प्रहरी कार्यालय चुनीमारी</td><td>भवन मर्मत</td><td>१८८०००/-</td></tr>
<tr><td>२</td><td>सिमा प्रहरी चौकी छालगाछी</td><td>प्रहरी चौकी मर्मत</td><td>४२६२६/-</td></tr>
</table></td><td>२३०,६२६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>जम्मा</td><td>२३०६२६/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षणः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले विगत वर्षहरुका निम्न बेरुजु संपरीक्षण तथा फस्यौंट गरी लगत कट्टाको लागि अनुरोध गरेकोमा अनुगमन गर्दा लगत कट्टा गर्न मनासिब देखिएको छ । पालिकाले लेखापरीक्षणको सम्बन्धमा फस्यौंट र फरफारक भएको तथा बाँकी रहेको बेरुजुको अभिलेख अद्यावधिक बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुल गरि प्रमाण पेश</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>२०७५/७६</td><td>५२</td><td>मूल्य अभिवृद्धि फर्मसँग दर्ता नभएका फर्महरुसँग कारोवार</td><td></td><td></td><td>नवौं नगरसभाको निर्णय</td><td></td><td>२३२३८०२६</td></tr>
<tr><td>२०७६/७७</td><td>२</td><td>जिम्मेवारी फरक सारेको</td><td></td><td>प्रमाण पेश</td><td></td><td></td><td>१३७४८३६९।२२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३६९८६३९५।२२</td></tr>
</table>
</td><td></td></tr>
</table>